# नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

केन्द्रीय कार्यालय, काठमाडौं, नेपाल


१७ साउन २०७५

## विशेष परिपत्र - १

२०७५ जेठ ३ गते सम्पन्न नेपाल कम्युनिष्ट पार्टी (नेकपा), केन्द्रीय कमिटीको पहिलो बैठकले तीन महिनाभित्र मातहतका पार्टी कमिटी र जनवर्गीय सङ्गठनहरूको एकीकरण सम्पन्न गर्ने निर्णय गरेको थियो र तदनुरुप अन्तरपार्टी निर्देशन- १ जारी भएको थियो। तर, पार्टीको अन्तरिम विधान र नियमावलीको प्रकाशनमा केही समय विलम्ब हुनाले कार्यदलहरूबाट निर्धारित समयमा जिम्मेवारी पूरा गर्न सम्भव भएन। यही साउन ४ गते पार्टीको अन्तरिम विधान र नियमावली प्रकाशित भएको छ। अब हामीले मातहतका पार्टी कमिटी र जनवर्गीय सङ्गठनहरूको एकीकरण प्रक्रियालाई यथाशीघ्र सम्पन्न गर्न जरुरी छ। तसर्थ कार्यदलहरूलाई पार्टीको अन्तरिम विधान, नियमावली र अन्तरपार्टी निर्देशन- १ समेतका आधारमा देहायबमोजिमका कार्यहरू देहायबमोजिमको समयभित्र सम्पन्न गर्न निर्देशित गरिएको छ :

### १. पार्टीका प्रदेश तथा जिल्ला कमिटीहरूको एकीकरण सम्बन्धमा

- कार्यदलहरूले यही साउन २५ गतेभित्र केन्द्रीय सचिवालयसमक्ष प्रतिवेदन प्रस्तुत गर्ने।
- भदौ ५ गतेभित्र प्रदेश र जिल्ला कमिटीहरूको एकीकरण सम्पन्न गर्ने।
- भदौ १५ गतेभित्र प्रदेश कमिटी र जिल्ला कमिटीहरूको प्रथम बैठक आयोजना गर्ने।

### २. जनवर्गीय सङ्गठनहरूको एकीकरण सम्बन्धमा

- कार्यदलहरूले साउन २५ गतेभित्र केन्द्रीय सचिवालयसमक्ष प्रतिवेदन प्रस्तुत गर्ने।
- भदौ ५ गतेभित्र जनवर्गीय सङ्गठनहरूको एकीकरण सम्पन्न गर्ने।
- भदौ १५ गतेभित्र जनवर्गीय सङ्गठनहरूले केन्द्रीय कमिटीको प्रथम बैठक आयोजना गर्ने।
- एकीकरणबाट गठन हुने कमिटीमा संयोजक र आवश्यकता अनुसार सह-संयोजकहरू रहनसक्ने व्यवस्था गर्ने।
- कार्यदलहरूले कमिटीको कूल सदस्य संख्याको बढीमा एकतिहाई हुने गरी सचिवालय र बढीमा ९ सदस्य हुने गरी केन्द्रीय कार्यालयका लागि समेत सिफारिस गर्ने।

### ३. विशेष जिल्ला कमिटीहरूको एकीकरण सम्बन्धमा

प्रदेश नं. ३ का लागि गठन गरिएको कार्यदलका कमरेडहरू अष्टलक्ष्मी शाक्य, अग्नि सापकोटा, काशीनाथ अधिकारी, नारायण दाहाल र देहायबमोजिमका कमरेडहरूको कार्यदलले एकीकरणका लागि प्रस्ताव तयार गर्ने :


• धुम्बाराही: फोन: +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडा: फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेज: www.ncp.org.np

# नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

केन्द्रीय कार्यालय, काठमाडौं, नेपाल

- मजदुर विशेष जिल्ला कमिटीका लागि कमरेडहरू विना श्रेष्ठ, गणेश रेग्मी, बलराम खत्री, जगत सिम्खडा ।
- युवा-विद्यार्थी विशेष जिल्ला कमिटीका लागि कमरेडहरू माधव ढुङ्गेल, रमेश मल्ल, किशोरबिक्रम मल्ल, वीरु तामाङ ।
- पेशागत विशेष जिल्ला कमिटीका लागि कमरेडहरू राजन भट्टराई, मोहनमान स्वार, प्रेम पराजुली, हरि रावल ।
- उद्यमी-व्यसायी विशेष जिल्ला कमिटीका लागि कमरेडहरू मुकुन्द न्यौपाने, सूर्य थापा, कृष्ण आचार्य, शिव कट्टेल ।
- कार्यदलले यही साउन २५ गतेभित्र केन्द्रीय सचिवालयसमक्ष प्रतिवेदन प्रस्तुत गर्ने ।

**४. सम्पर्क समन्वय कमिटी र प्रदेश सम्पर्क कमिटीहरूको एकीकरण सम्बन्धमा**

- सम्पर्क समन्वय कमिटी र प्रदेश सम्पर्क कमिटीहरूको एकीकरणका लागि कमरेडहरू छविलाल विश्वकर्मा, विजय गुरुङ, श्रीकृष्ण अधिकारी र अर्जुन केसी रहनुभएको कार्यदल गठन गरिएको छ ।
- कार्यदलले यही साउन २५ गतेभित्र केन्द्रीय सचिवालयसमक्ष प्रतिवेदन प्रस्तुत गर्ने ।

**५. स्वास्थ्यकर्मी सङ्गठनहरूको एकीकरण सम्बन्धमा**

- स्वास्थ्यकर्मी सङ्गठनहरूलाई एकीकरण गर्न कमरेडहरू गोकर्ण विष्ट, सुजिता शाक्य, अञ्जना विसंखे र कृष्णसागर पौडेल रहनुभएको कार्यदल गठन गरिएको छ ।
- कार्यदलहरूले साउन २५ गतेभित्र केन्द्रीय सचिवालयसमक्ष प्रतिवेदन प्रस्तुत गर्ने ।

**६. निर्माण व्यवसायी सङ्गठनहरूको एकीकरण सम्बन्धमा**

- निर्माण व्यवसायी सङ्गठहरूको एकीकरणका लागि कमरेडहरू विजय पौडेल, प्रकाश पोखेल, खोपनिधि लोहनी र शिब चौलागाई रहनुभएको कार्यदल गठन गरिएको छ ।
- कार्यदलहरूले साउन २५ गतेभित्र केन्द्रीय सचिवालयसमक्ष प्रतिवेदन प्रस्तुत गर्ने ।

क्रान्तिकारी अभिवादनसहित,

**केपी शर्मा ओली**
अध्यक्ष

**पुष्पकमल दाहाल 'प्रचण्ड'**
अध्यक्ष

• धुम्बाराहीः फोनः +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्सः +९७७ १ ४०१५९८० • पेरिसडाँडाः फोनः +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्सः +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेजः www.ncp.org.np